गोरखा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ११ | मितिः २०७७/१२/०८

भाग-२

गोरखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## उद्यमी महिलाहरुको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मितिः- २०७७/१२/०४

प्रस्तावना-

गोरखा नगरपालिकाले नगरपालिका भित्रका स साना उद्यम व्यवसायीहरुको उद्यम विकास गर्ने प्रयोजनका लागी नगद अनुदान दिने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी गोरखा नगरपालिकाले यो कार्यविधि २०७७ वनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम “ उद्यमी महिलाको लागि अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७७ ” रहेको छ ।**

(२) यो कार्यविधि गोरखा नगरपालिकाको कार्यपालिकाको बैठकवाट पारित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) “नियमावली” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बन्ने नियमावली तथा कार्यविधि एवं निर्देशिका समेतलाई सम्झनु पर्दछ ।

ग) “स्थानिय तह” भन्नाले गोरखा नगरपालिका सम्झनु पर्दछ ।

घ) “वडा कार्यालय” भन्नाले गोरखा नगरपालिकाको विभिन्न वडा कार्यालय सम्झनु पर्दछ ।

ङ) “अनुदान वितरण समिति” भन्नाले उद्यमी महिलाहरुको लागि अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ बमोजिम समिति सम्झनु पर्दछ ।

च) “प्रमुख ”भन्नाले गोरखा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

छ) “ उप प्रमुख” भन्नाले गोरखा नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्दछ ।

ज) “ प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गोरखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

झ)“ अध्यक्ष” भन्नाले गोरखा नगरपालिकाको विभिन्न वडाको वडाध्यक्षलाई सम्झनु पर्दछ ।

ञ) “ सदस्य” भन्नाले समितिको समेतलाई सम्झनु पर्दछ ।

ट) “ विषयगत शाखा” भन्नाले गोरखा नगरपालिकाको सामाजिक विकास शाखा लगायत अन्य शाखालाई समेत जनाउदछ ।

ठ) उद्यमी भन्नाले घर जग्गा वाहेक बढिमा २० लाख स्थिर पुंजी भएको,व्यक्ति स्वयम् सम्लग्न भई कार्य गरेको,९ जना सम्म कामदार राखी काम गरेको,वार्षिक १ करोड भन्दा कम कारोवार भएको,२० किलोवाट भन्दा कम विद्युत प्रयोग गरी मेसीनरी औजार प्रयोग गरेको उद्यमीहरु

## परिच्छेद-२

### उद्धेश्य : यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन् :

क) सीप र क्षमता भएका तथा पुंजी अभाव भएका साना उद्यमीहरुलाई उद्यम विकासको मूल प्रवाहमा ल्याई सस्थागत विकास गर्न सहयोग गर्ने ।

ख) साना उद्यमी /समितिहरुलाई प्राथमिकताको आधारमा सम्वन्धित वडाबाट सिफारिस वमोजिम समितिको निर्णय अनुसार अनुदान उपलव्ध गराउनेछ ।

# परिच्छेद ३

## उद्यमी महिलाहरुको लागि अनुदान वितरण समिति

(क) नगरपालिकाको उप प्रमुख - संयोजक

(ख) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ नगरपालिकाको प्रमुखद्धारा मनोनीत नगरकार्यपालिकाका महिला सदस्य २ जना - सदस्य

(ङ) नगरपालिकाको लेखा अधिकृत सदस्य

(च) नगरपालिकाको सामाजिक विकास शाखाको अधिकृत कर्मचारी - सदस्य सचिव ।

# परिच्छेद -४

## अनुदानका क्षेत्र र पक्षहरु

क) नगरपालिका भित्रका नयाँ तथा पुराना उद्यमीहरुमा तालिम तथा सामान खरिदको लागि अनुदान दिन सक्नेछ ।

ख) समूह निर्माण गरी कार्य गरिरहेका उद्यम समुहमा विउ पुँजीको रुपमा अनुदान दिन सक्नेछ ।

ग) स्थापना गरिएका उद्यम समूह तथा साना उद्योगको लागि नगद अनुदान

# परिच्छेद ५

## अनुदान लागि पेश गर्नु पर्ने आवश्यक कागजपत्र

क) समुहले आफुले सञ्चालन गरेको उद्यम समुहको दर्ता प्रमाण पत्रको प्रमाणपत्रको प्रतिलिपि

ख) उद्यम समुहको कार्यक्रम मागको निर्णय

ग) प्रस्ताव सहितको निवेदन

घ) वडाको सिफारिस पत्र

ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

च) उद्यम समूह मार्फत गर्न खोजेको कार्यक्रमको विस्तृत लागत सहितको परियोजना प्रस्ताव

# परिच्छेद ६
# अनुदान वितरण प्रक्रिया

क) सूचना प्रकाशन

ख) निवेदन संकलन प्रस्चात समितिको निर्णय वमोजिम मापदण्डको आधारमा अनुदान वितरण

# परिच्छेद ७

व्याख्या प्रयोजन र खारेजी तथा वचाउ

क) यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

ख) यो कार्यविधि उद्यम समुहलाइ अनुदान वितरण कार्यको लागि मात्र हुनेछ ।

ग) नगरपालिकावाट भएका र हुने उद्यम विकास सम्वन्धी अनुदान यसै मापदण्ड वमोजिम भएको मानिनेछ ।

आज्ञाले,<br>
दिनेश राज पन्त<br>
प्रमुख प्रशासकीय अधिकृत